# लेखक/सम्पादक परिचय

**अनुभव अजीत** मार्टिन चौतारीका अनुसन्धानकर्ता हुन्। चलचित्रसम्बन्धी अनुसन्धानमा पनि रुचि राख्ने अजीत *समावेशीकरण : राजनीतिक दल, राज्य र मिडिया* (२०६५) का सम्पादक हुन्।

**अर्जुन पन्थी** समाजशास्त्र मानवशास्त्रका विद्यार्थी हुन्। उनले केही वर्ष एसी नेल्सनमा मिडिया सर्वेक्षकका रूपमा काम गरेका थिए।

**आन्विका गिरी** *अन्नपूर्ण पोष्ट* दैनिककी संवाददाता हुन्। सप्तकोशी एफएम र मेट्रो एफएममा विगतमा बालबालिकासम्बन्धी कार्यक्रम चलाएकी गिरीको बालकथा सङ्ग्रह *हाम्रा कुरा पनि सुन्नुहोस्* (२०६२) प्रकाशित छ।

**कुन्दन अर्याल** स्वतन्त्र पत्रकार हुन्। आमसञ्चार शिक्षामा विशेष रुची राख्ने अर्याल त्रिभुवन विश्वविद्यालय र पूर्वाञ्चल विश्वविद्यालयमा स्नातकोत्तर तहको अध्यापनमा सक्रिय छन्। उनको लेखनमा *नेपाली प्रेसमा कार्टुन, मानवअधिकार र प्रेस (सहलेखन), संविधानसभा र मिडिया (सहलेखन)* र सम्पादनमा *नेपाल मानवअधिकार वर्ष पुस्तक (७, ८ र ९)* प्रकाशित छन्।

**दीपक अर्याल** मदन पुरस्कार पुस्तकालयका अनुसन्धानकर्ता हुन् । *बहा: जर्नल*मा सह-सम्पादकका रूपमा काम गरेका अर्याल मदन भण्डारी मेमोरियल कलेजमा प्राध्यापन पनि गर्छन् ।

**दुबि नन्द ढकाल** त्रिभुवन विश्वविद्यालय भाषाविज्ञान केन्द्रीय विभागका उप-प्राध्यापक हुन् । उनी त्रिभुवन विश्वविद्यालयबाट भाषाविज्ञान विषयमा विद्यावारिधि गर्दै छन् । भाषाविज्ञानसम्बन्धी ढकालका अनुसन्धानमूलक लेखहरू विभिन्न जर्नलमा प्रकाशित छन् ।

मार्टिन चौतारीका अनुसन्धानकर्ता **देवराज हुमागाईं**को सह-सम्पादनमा मिडियासम्बन्धी पाँच ओटा पुस्तक प्रकाशित छन् । उनको सह-लेखनमा *मिडिया अनुसन्धान : प्राज्ञिक पूर्वाधार निर्माणका केही अभ्यास* (२०६४) र *रेडियो नेटवर्क : अभ्यास, अन्तर्वस्तु र स्थानीय प्रभाव* (२०६५) पनि प्रकाशित छन् ।

**प्रत्यूष वन्त** मार्टिन चौतारीका अनुसन्धानकर्ता हुन् । *स्टडिज इन नेपाली हिस्ट्री एण्ड सोसाइटी* जर्नलका सह-सम्पादक वन्तको लेखन, सम्पादन र सह-सम्पादनमा नेपाली मिडिया तथा अन्य विधासँग सम्बन्धित डेढ दर्जनजति पुस्तक प्रकाशित छन् ।

**राजेन्द्र पराजुली**ले विगतमा *नेपाल समाचारपत्र* र *राजधानी* दैनिक, *हिमाल खबरपत्रिका* पाक्षिक, रेडियो नेपाल, एचबीसी एफएम, क्यापिटल एफएम तथा साँग्रिला टेलिभिजनमा काम गरेका थिए । साहित्यमा रुचि राख्ने पराजुलीको कथा, कविता र उपन्यास गरी चार कृति प्रकाशित छन् भने एक दर्जनजति साहित्यिक कृतिहरू उनले सम्पादन गरेका छन् ।

**रामकान्त तिवारी** समाजशास्त्र मानवशास्त्रका विद्यार्थी हुन् । मिडियामा पनि उनको चासो छ ।

**विनयकुमार कसजू** राष्ट्रिय सूचना आयोगका प्रमुख सूचना आयुक्त हुन् । पाल्पाबाट प्रकाशित *गाउँले देउराली* साप्ताहिकका संस्थापक सम्पादक कसजूको लेखन तथा सम्पादनमा सामुदायिक सञ्चार र बालसाहित्य विधामा गरी दुई दर्जन जति पुस्तकहरू प्रकाशित छन् ।

**शिव गाउँले** दक्षिण एसियाली स्वतन्त्र पत्रकार सङ्गठन (साफ्मा) नेपाल च्याप्टरका अध्यक्ष हुन्। *हिमाल खबरपत्रिका*का पूर्व सम्पादक गाउँलेको खोजपत्रकारितामा विशेष रुचि छ। उनको लेखनमा *अदालती रिपोर्टिङ* (२०५९) तथा सम्पादन र सह-सम्पादनमा मिडियासम्बन्धी आधादर्जन जति पुस्तक प्रकाशित छन्।

**शेखर पराजुली** मार्टिन चौतारीका अनुसन्धानकर्ता हुन्। उनको सह-सम्पादनमा नेपाली मिडियाबारे सात ओटा पुस्तक प्रकाशित छन्।

**साजन सुवेदी** मदन पुरस्कार पुस्तकालयमा रेप्रोग्राफरका रूपमा कार्यरत छन्। वनस्पति शास्त्रमा स्नातकोत्तर सुवेदी हिमालयमा भएका वातावरणीय परिवर्तन विषयमा त्रिभुवन विश्वविद्यालयबाट विद्यावारिधि गर्दै छन्।

**सीके लाल** राजनीतिक विश्लेषक हुन्। *हिमाल खबरपत्रिका* पाक्षिक र *नेपाली टाइम्स* अङ्ग्रेजी साप्ताहिकमा उनी नियमित स्तम्भ लेख्छन्।

**संगीता लामा** क्रियाशील पत्रकार महिला नामक संस्थाकी अध्यक्ष हुन्। स्वतन्त्र रूपले पत्रकारिता गरिरहेकी लामाले वातावरण तथा महिलालगायत सामाजिक विषयवस्तुमाथि कलम चलाउँदै आएकी छिन्।

नेपालभाषामा स्नातकोत्तर **हरिकृष्ण डंगोल** *नेवाः पौ* मासिकका कार्यकारी सम्पादक हुन्। *सन्ध्या टाइम्स* दैनिकका स्तम्भकार समेत रहेका डंगोलको *पराजित मान्छे* (२०६२) कथा सङ्ग्रह प्रकाशित छ।

**हर्षमान महर्जन** मार्टिन चौतारीमा आवद्ध अनुसन्धानकर्ता हुन्। उनको सह-सम्पादनमा *समावेशी मिडिया* (२०६४) तथा सह-लेखनमा *रेडियो नेटवर्क : अभ्यास, अन्तर्वस्तु र स्थानीय प्रभाव* (२०६६) प्रकाशित छन्।



## चौतारी पुस्तक शृङ्खला- ३७

नेपाली मिडियाको गुणस्तर सुधार्न र प्रेस स्वतन्त्रतालाई सुनिश्चित गर्नका निम्ति बहस र संवाद सर्वोपरि आवश्यक हुन्छ । पत्रकारितामा देखिएका कमीकमजोरीलाई निराकरण गर्न पनि यस्तो अभ्यास उत्तिकै जरुरी हुन्छ । यिनै तथ्यलाई ध्यानमा राखेर नेपाली मिडियामा सक्रिय व्यक्तिहरूसँगको अन्तर्वार्ताको यो सँगालो– ***मिडिया संवाद : नेपाली पत्रकारिताबारे अन्तर्वार्ता*** को प्रकाशन गरिएको हो । यस पुस्तकमा छापा माध्यम, प्रसारण माध्यम, क्षेत्रीय मिडिया, पत्रकारिता प्रशिक्षण र पत्रकारका संस्था गरी पाँच विषयमा १५ जनासँग गरिएका अन्तर्वार्ता समेटिएको छ । अन्तर्वार्ता दिनेहरू हुनुहुन्छ– युवराज घिमिरे, नारायण वाग्ले, कनकमणि दीक्षित, बबिता बस्नेत, ओम शर्मा, विकास रौनियार, रघु मैनाली, गोपाल गुरागाईं, आरती चटौत, किशोरकुमार कार्की, चन्द्रकिशोर, रामकृष्ण रेग्मी, पी खरेल, विष्णु निष्ठुरी र राजेन्द्र दाहाल । नेपाली मिडियाका विभिन्न आयामहरू खोतल्न सफल यो पुस्तक पत्रकारिताका विद्यार्थी, अध्येता, पत्रकार लगायत मिडियामा रुचि हुने सबैका निम्ति उपयोगी छ ।